# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/८३
चलानी नम्बर :-

मिति : २०८२।०४।०६

## सेवा करारमा कर्मचारी लिने सम्बन्धि सूचना ।

यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तरगतका कार्यालयहरुको लागि तपशिल अनुसारको पदमा करार सेवामा कर्मचारी लिनुपर्ने भएकोले तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजश्व तिरेको सक्कल रसिद र आवश्यक कागजात सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दरखास्त फारम यशोधरा गाउँपालिकाको कार्यालयको वेवसाइटwww.yasodharamun.gov.npबाट डाउनलोड गर्न सकिन्छ ।

तपशिल :

| क्र.स. | विज्ञापन नं. | पद | तह/श्रेणी/कार्यक्रम | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/०८२-०८३ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | १ (एक) | |
| २ | २/०८२-०८३ | पोषण स्वयंसेवक | | १ (एक) | |
| ३ | ३।०८२-०८३ | हलुका सवारी चालक | श्रेणी विहिन | २ (दुई) | |

१. आवश्यक योग्यता :

क) न्युनतम शैक्षिक योग्यता :विज्ञापन नं १/०८२-८३ को हकमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा प्राविधिक शिक्षा वा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको, कम्प्युटर तथा इन्टरनेट सम्बन्धि ज्ञान भएको र फिल्ड स्तरमा गई कामकाज गर्न सक्ने क्षमता भएको तथा कम्तिमा १८ बर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको हुनु पर्ने छ।

ख) विज्ञापन नं २।०८२-०८३ को हकमा न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उत्तिर्ण भएको हुनु पर्ने, कम्तिमा २१ वर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको हुनु पर्ने, यस गाउँपालिका भित्र बसोबास गरेको हुनु पर्ने, सामुदायिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव हासिल गरेकोलाई प्राथमिकता दिइने छ ।

ग) विज्ञापन नं ३।०८२-०८३ को हकमा २५ बर्ष उमेर पुरा भइ ४५ बर्ष ननाघेको, ५ वर्ष सवारी चलाएको अनुभव भएको, मान्यता प्राप्त चालक अनुमति पत्र प्राप्त गरेको र २ देखि ३ दिनको प्राथमिक उपचार वा सामुदायिक प्राथमिक उद्धारकर्ता सम्वन्धि तालिम प्राप्त गरेको ।

घ) प्रचलित कानुनले अयोग्य नभएको ।

ङ) परीक्षा दस्तुर ;विज्ञापन नं. १/०८२।०८३ र २।०८२-०८३ को हकमा रु. ५००।- र विज्ञापन नं ३/०८२-०८३ को हकमा रु. ३००।-



प्रमुख प्रशासकीय अधिकृत

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/८३
चलानी नम्बर :-

मिति : २०८२।०४।०६

च) छनौट विधि : यशोधरा गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७६(संशोधन सहित) मा तोकिएको व्यवस्था बमोजिम ।

छ) सेवा सुविधा र करार अवधी : करार सम्झौता अनुसार ।

२. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु साथै वैदेशिक शैक्षिक योग्यताको हकमा पाठयक्रम विकास केन्द्रबाट समकक्षता निर्धारण भएको प्रमाणपत्र ।

ग) स्थानीय उम्मेदवारको हकमा स्थानीयता खुल्ने प्रमाणित कागजातहरु ।

घ) कार्य अनुभव भएको भए सोको प्रमाणपत्र ।

३. फारम भर्ने अन्तिम मिति :२०८२।४।२० गते सम्म कार्यालय समय भित्र र फारम भर्ने अन्तिम दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र ।

४. परीक्षा मिति र केन्द्र : पछि प्रकाशन गरिने छ ।

५. दरखास्त बुझाउने स्थान :यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखा ।

६. थप जानकारीको लागि ९८५७०५१८४३,९८४०५९८१८९ मा सम्पर्क गर्न सकिन्छ ।

२०८२।४।६

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner